नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

प.सं. : २०७८/७९
च.नं.:- प्र./यो. ९०

# सूचना

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम यस विभागबाट अनलाइन सञ्चारमाध्यम दर्ता र नविकरण लगायतका कार्य हुदै आएको विदितै छ । यसै सम्बन्धमा निर्देशिकाको परिच्छेद ३ दफा ६ को उपदफा (३) मा "म्यादभित्र नविकरण नगराउने अनलाइन सञ्चारमाध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिनेछ" भनी उल्लेख भएकोमा सो विरुद्द परेको रिटमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।१२।३१ गते उक्त व्यवस्था खारेज भएको संक्षिप्त आदेश प्राप्त भएको छ । उक्त आदेश बमोजिम अब उप्रान्त विगत आ.ब.मा नविकरण गर्न छुट भएका अनलाइन सञ्चारमाध्यमको दर्ता यस विभागमा रहेको दर्ता किताबबाट खारेज नगरिने र नविकरण नगरेकै आधारमा अनलाइन सञ्चारमाध्यम सञ्चालनमा रोक समेत नलगाइने व्यहोरा अनुरोध छ । तर यसअघि नियमित रुपमा नविकरण हुदै आएका अनलाइन सञ्चारमाध्यमको हकमा भने पूर्ववत रुपमा नविकरण कार्य जारी रहने र नियमित रुपमा नविकरण भएको अनलाइन सञ्चारमाध्यमका लागि मात्र प्रेस प्रतिनिधि प्रमाणपत्र/परिचयपत्र (प्रेस पास) जारी गरिने व्यहोरा अनुरोध छ ।

२०७८।०४।०५

सुमन भट्टराई
शाखा अधिकृत

स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन

फोन: ४११२५५४, ४११२७१७, ४११२५५१ फ्याक्स : ४११२६५२, www.doinepal.gov.np, Email: doibprashasan@gmail.com सञ्चारग्राम, काठमाडौं।